आज मिति २०८३।०२।०५ गते (ने.स.११४६ अनालाथ्व तृतिय) मंगलवार दिन विहानको ८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को पन्ध्रौं वैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| सुशिल गर्बुजा | सूचना प्रविधि अधिकृत | |
| प्रताप बरुवाल | का.स. | |
| | | |
| | | |
| | | |

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०८३ स्वीकृत गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा तपशिल बमोजिम गर्ने ।

(१) ६ नं वडा कार्यालयको चलानी नं १०८०, मिति २०८३/०२/०४ राहत उपलब्ध गराईदिने सम्बन्धको सिफारिस तथा प्रहरी मुचुल्का अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने निल प्रसाद बरुवालको घर अविरल बर्षाका कारण पहिरो गई घर उच्च जोखिममा रहेको हुँदा प्राविधिकको इस्टिमेट अनुसार १० वटा ग्याबिन जालि उपलब्ध गराउने ।

(२) ६ नं वडा कार्यालयको चलानी नं १०७५, मिति २०८३/०२/०४ राहत उपलब्ध गराईदिने सम्बन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने हिरा बरुवालको गोठ अविरल बर्षा तथा बाढिका कारण क्षति भएकोले निजलाई सम्बन्धित शिर्षकबाट रु. २५,००० (अक्षेरुपी पच्चिस हजार आर्थिक सहायता दिने ।

(३) २ नं वडा कार्यालयको चलानी नं ३६५, मिति २०८३/०१/२९ आर्थिक सहायता उपलब्ध गराईदिने सम्बन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं २ बस्ने तुल प्रसाद नेपालीको घर मिति २०८३/०१/१५ गते बेलुकाको समयमा परेको हावाहुरी, असिनापानी र बाढीले निजको फेन्सी तथा किराना पसलमा क्षति भएकोले निजलाई सम्बन्धित शिर्षकबाट रु. २५,०००/- (अक्षेरुपी पच्चिस हजार) आर्थिक सहायता दिने ।

(४) २ नं वडा कार्यालयको चलानी नं ३६४, मिति २०८३/०१/२९ आर्थिक सहायता उपलब्ध गराईदिने सम्बन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं २ बस्ने कारदावा तामाङको घर मिति २०८३/०१/१५ गते बेलुकाको समयमा परेको हावाहुरी, असिनापानी र बाढीले निजको फेन्सी तथा किराना पसलमा क्षति भएकोले निजलाई सम्बन्धित शिर्षकबाट रु. २०,०००/- (अक्षेरुपी बिस हजार) आर्थिक सहायता दिने ।

(५) २ नं वडा कार्यालयको चलानी नं ३६३, मिति २०८३/०१/२९ आर्थिक सहायता उपलब्ध गराईदिने सम्बन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं २ बस्ने हजमती गर्बुजाको घर मिति २०८२/०६/०२ गते परेको भारी वर्षाका कारण कच्ची एक तल्ले घर पूर्ण क्षति भएकाले विपद कोष व्यवस्थापन कार्यविधि २०७५ बमोजिम रु. ५०,००० आर्थिक सहायता दिने ।

(६) ४ नं वडा कार्यालयको चलानी नं ५९६, मिति २०८३/०२/०४ को सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ४ मा रहेको नारच्याङ्ग स्वास्थ्य चौकीको भवनमा लायन्स क्लव अफ पोखरा आँगन र लायन्स क्लव अफ पोखरा लेकसिटीको संयूक्त आयोजना र हिमालयन

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

घारीपाटन पोखराको प्राविधिक सहयोगमा निशुल्क आँखा शिविर जाँच मोती विन्दुको शल्यक्रिया तथा औषधी वितरण कार्यक्रममा भएको खर्च रकम रु. ३३,९६५ सम्वन्धित शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका २ नं वडा कार्यालयको प.स. २०८२।८३, चलानी नं. ३७०, मिति २०८३।०२।०४ गतेको सिफारिस र वडा समितिको निर्णय अनुसार वडा नं. २ स्थित तातोपानी कुण्डमा संरचना निर्माणको लागि गाउँपालिकाको नाममा निशुल्क जग्गा प्रदान गर्न जग्गा धनिहरुवाट मञ्जुरीनामा प्राप्त भएकाले उक्त जग्गालाई गाउँपालिकाको नाममा प्राप्त गर्नका लागि सम्वन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं ४**

प्रस्ताव नं ३ उपर छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२/०८३ च.नं. ४१२ मिति २०८३/०१/१७ को सरकारि तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने गराउने सम्वन्धी पत्र उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका भित्र सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भए नभएको सम्बन्धमा अभिलेख अध्यावधिक गरि आवस्यक कारबाही गर्ने प्रयोजनार्थ सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने।

(१) अन्नपूर्ण गाउँपालिका वडा नं. ४ नारच्याङ्गमा सञ्चालित ए.डि निर्माण सेवा ले घ वर्गको इजाजत पत्र माग गरी वडा कार्यालय र सम्बन्धित फर्मको निवेदन पेश भएकोमा "घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०८३" बमोजिम इजाजत पत्र जारि गर्ने ।

(२) अन्नपूर्ण गाउँपालिका वडा नं. २ भुरुङ तातोपानीमा जग्गा प्राप्ती भइ सकेपछि आगामी आ.व. २०८३/०८४ मा संघिय समपुरक अनुदान र गाउँपालिकाको सञ्चित कोषबाट व्यभार हुने गरि रु २ करोड ९० लाख बराबरको संरचना निर्माण गर्ने ।

(३) अन्नपूर्ण गाउँपालिका वडा नं. ४ स्थित अन्नपुर्ण आधार शिविरमा मिति २०८२ कार्तिक १२ देखि १४ सम्म भएको हिमपातबाट नेपाली तथा विदेशी नागरिकलाई रेस्क्यु गर्न गएको सुरक्षा कर्मि तथा स्थानियको खाना खाजा खर्च वापदको रकम रु. ३४,००० भुक्तानी दिने निर्णय गरियो ।

(४) ६ नं वडा कार्यालयको चलानी नं २०, मिति २०८२/०४/०८ राहत उपलब्ध गराई दिने सम्बन्धको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं ६ बस्ने पार्वती खड्काको घर मिति २०८२/०४/०७ गते परेको भारी वर्षाका कारण कच्ची दुई तल्ले घर आंशिक क्षति भएकाले विपद कोष व्यवस्थापन कार्यविधि बमोजिम रु. २५,००० आर्थिक सहायता दिने ।

भारत कुमार पुन
अध्यक्ष

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

(५) यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा संचालन भएका योजना, कार्यक्रम तथा सेवाप्रवाहको सम्वन्धमा गरिएको सामाजिक परिक्षण (Social Audit) र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) को प्रतिवेदन स्वीकृत गर्ने तथा प्रतिवेदनमा औल्याएका सुधारका पक्षहरुलाई कार्यान्वयन गर्न सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै सामाजिक पिरिक्षण र जे.सी. अडिट कार्य सम्पन्न गरेवापत सम्बन्धित परामर्शकर्तालाई सम्झौता वमोजिम भुक्तानी दिने निर्णय समेत गरियो ।

(६) यस अन्नपूर्ण गाउँपालिका वडा नं ४ अन्तर्गत पर्ने वालवालिका पार्क व्यवस्थापन खर्च शिर्षक नं २२५२९ वाट वालवालिका पार्कको लागि तपसिल वमोजिमका आवश्यक सामाग्रीहरु खरिद गर्नुपर्ने र सो को दररेट यस गाउँपालिका तथा अन्य कुनैपनि पालिका तथा जिल्लामा समेत समावेश नभएको हुँदा लागत ईष्टिमेट तयार गर्ने प्रयोजनको लागि निम्न अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो । तपसिल

| S.N | Name and Specifications of Equipment's | unit | Qty | Rate |
|---|---|---|---|---|
| 1 | Big Playstation Set 20*15*10 ft: material : iron and fiber: tunnel slide length 12ft 1 pic, spiral slide 5.5ft 1 pic, double slide 8.4ft length 1 pic, tortoise hat 1 pic, top flower 2 pic, 3 inch circular iron pole used.as station frame and 1 inch circular iron pipe coated with primer and FD enamel used as station railing to prevent children fall from station multicolor, premium quality. | set | 1 | 356000.00 |
| 2 | Pinjada merry go round 4ft diameter, Bearing used (sixe 62/15) Material: Fiber/iron multicolor with premium finishing .wt. limit 350 kg | set | 1 | 45000.00 |
| 3 | See saw 6ft length, height 18 inch,62/15 bearing used for smooth operation . | set | 1 | 22000.00 |
| 4 | Swing 6*6ft, iron A shaped stand with steel chain used with chair to seat along with safety belt. | set | 1 | 22300.00 |
| 5 | Hanging/ climber bar, 9ft length, height 7ft, width 2ft, 2 inch iron circular pole used as main station frame and 1 inch circular iron pole is used as cross hanging bar . | set | 1 | 45000.00 |
| 6 | Double animal rocker, 2ft length, 15 inch height | set | 1 | 7700.00 |

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष